कमल गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय
झापा

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०४**

यस गाउपालिकाको निर्णय अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) अनुसार गाउं पालिकाले उठाउन पाउने कर, दस्तुर र सेवा शुल्क मुल्य आ.व. ०७५/७६ वर्ष १ ( एक ) का लागि निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न १५ ( पन्ध्र ) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

## ठेक्काको विवरण

| सि.नं. | ठेक्काको विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने म्याद | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | केर्खा-क्याम्पा सरङपाडा सडक,(स्थानीय पूर्वाधार सेवा शुल्क) | १,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) | १०००।- | २०७६।३।१८ कार्यालय समयभित्र | २०७६।३।१९ गते दिनको १२:०० बजेभित्र | २०७६।३।१९ गते दिनको २:०० बजेपछि |
| २ | अमलडागी-सोलमारी सडक, (स्थानीय पूर्वाधार सेवा शुल्क) | १,००,०००।- (अक्षरेपी एक लाख मात्र) | १०००।- | ,, | ,, | ,, |
| ३ | पाडाजुगी-झर्का-वालुवथान सडक (स्थानीय पूर्वाधार सेवा शुल्क) | १,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार मात्र) | १०००।- | ,, | ,, | ,, |
| ४ | सितापुरी-जिवनचौक-देवीचौन-रतनचौन सडक,(स्थानीय पूर्वाधार सेवा शुल्क) | १,००,०००।- (अक्षरेपी एक लाख मात्र) | १०००।- | ,, | ,, | ,, |
| ५ | सिम्ले - क्याम्पा सडक ,(स्थानीय पूर्वाधार सेवा शुल्क) | ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) | १०००।- | ,, | ,, | ,, |
| ६ | केर्खा,क्याम्पा, मंगलवारे,सरङपाडा,समयगढ,वासवारी,रंगपुर वजार, हाटवजार कर (वहाल कर) | २००,०००।०० (अक्षरेपी दुई लाख मात्र) | १०००।- | ,, | ,, | ,, |
| ७ | विज्ञापन कर | ३५०,०००।- अक्षरेपी तिन लाख पचास हजार मात्र) | १०००।- | ,, | ,, | ,, |

**शर्तहरु :**

१) बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्र दाताले तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर यस कार्यालयमा बुझाई प्राप्त गर्न सकिनेछ

२) खरिद भएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता अनुसार बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र दाताले आफुले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै बोलपत्र फिर्ता वा संशोधन गर्न समयभित्र सिलबन्दी निवेदन पेश गर्नु पर्नेछ ।

३) कार्यालयबाट वोलपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र, २०७४/७५ को कर चुक्ता प्रमाण पत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित मिति भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

४) माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मूल्य अभिवृद्धि कर ( VAT हाल १३ प्रतिशत ) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम अग्रिम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाउदा स्वीकृत अंकमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ ।

C:\Users\dell\Desktop\Suchana_Patake Sawari, Bajar & Advertisement (New).doc

युवराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

५) वोलपत्र फारामहरु माथि उल्लेखित समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समय भित्र पर्न आएका वोलपत्रहरु दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि वोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

६) बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो ? सोही व्यक्ति वा फर्मको नाममा मात्र दाखिला गर्नु पर्नेछ ।

७) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १०.०० प्रतिशत धरौटी रकम यस कार्यालयको एनएमवि बैंक केर्खा स्थित धरौटी खाता नं. ०६४०९१००५८१९६४०००००८ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति पेश गर्नुपर्नेछ । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो ? स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

९) वोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३ ( तीन ) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमाअनुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१०) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

११) नेपाल सरकार,प्रदेश सरकार, जिल्ला समन्वय समितिको कार्यालय र गाउंपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

१२) कर, दस्तुर र शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टाछुट्टै ठेक्काको लागि अलग अलग रुपमा २ ( दुई ) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सो को अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१३) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउंपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४) ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम फिर्ता गरिने छ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन । एकमुष्ठ रकम बुझाएपनि ठेक्का अवधिभर ५(पाँच) प्रतिशत रकम धरौटी स्वरुप कार्यालयमा राखिनेछ । ठेक्का अवधिपश्चात् मात्र सो रकम फिर्ता गरिनेछ ।

१५) गांउपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

१६) बोलपत्रदाताले खामको बाहिर आफुले लिन चाहेको ठेक्काको ठेक्का नं., नाम एवम् वोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

१७) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ

१८) ठेक्का अवधि २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्म १ ( एक ) वर्षको हुनेछ ।

१९) कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण एवम् सडक सेवा शुल्क समेतका दररेटहरुको विवरण बोलपत्र फाराम साथ प्राप्त हुनेछ ।

२०) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

२१) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी शुल्क र मुल्य असुल गर्न पाइने छैन । कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२२) वार्षिक सडक सेवा शुल्क बुझाई यगाउंपालिकाबाट प्रमाण-पत्र लिएका सवारी साधनहरुबाट तोकिएको सडकमा पटके सवारी कर लिन पाइने छैन । पटके सडक सवारी कर असुल गर्दा सडकको पायक पर्ने कुनै एक स्थानमा बसी कर संकलन गर्नु पर्नेछ । सामान्यतय क्रसिङ प्वाइन्ट र सडकको ५०० मिटर पार नगरेका सवारी साधनबाट र क्रसिङ मात्र गर्दा सवारी कर असुल गर्न पाईने छैन ।साथै एउटा सवारी साधन सग एकै दिनमा १ पटक भन्दा बढी शुल्क असुल गर्न पाइनेछैन ।

२३) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

२४) छुट दिने कुरा बाहेक शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

२५) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउंपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२६) ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

२७) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

२८) यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।

२९) गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ ।

३०) सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सुचनामा केहि संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सुचना गरी जानकारी गराईनेछ ।

३१) मिन्हा माफी तथा छुट सम्वन्धमा :( यस सुचना वमोजिम संभौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन । कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कमल गाउंकार्यपालिकाको कार्यालय,झापामा सुरक्षित रहनेछ ।

३२) यस सूचनाका शर्तबाहेक ठेक्काका अन्य शर्तहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

३३) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउंपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

३४) सि.नं. १ देखी ५ सम्मका स्थानीय पूर्वाधार सेवा शुल्कको वोलपत्र फाराम एउटै भएपनि सवैमा अलग अलग प्रतिस्पर्धा भएको मानिने छ ।



२०७६।३।१४

युवराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत